भक्तपुर जिल्ला अदालतवाट जारी भएको

## मोटरसाईकल तथा स्कुटरहरु लिलाम विक्री गर्ने सम्वन्धी जरुरी सूचना

**सूचना प्रकाशन मिति २०८०।०४।२१**

प्रस्तुत विषयमा यस अदालतमा विभिन्न मुद्दाहरुमा अभियोग पत्रसाथ दशीको रुपमा दाखिल हुन आई जिन्सीमा आम्दानी बाँधिएका तपसिल वमोजिमका मोटरसाईकल तथा स्कुटरहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) तथा आर्थिक नियम समेत वमोजिम मिति २०७८।१०।२१ को निर्णय वमोजिम र मिति २०७९।०८।२३ गतेको मूल्यांकन समितिको निर्णय अनुसार न्युनतम मुल्य कायम गरी सो मुल्यवाट शिलवन्दी वोलपत्रको माध्यामवाट वढावढ गरी लिलाम गर्ने गरी मिति २०७९।१०।१० को मिति तोकी प्रथम पटक मिति २०७९।९।२० मा सूचना प्रकाशन गर्दा उक्त लिलाम मितिमा कोही कसैको शिलवन्दी वोलपत्र पेश नभएकोले लिलाम हुन नसकेको र पुन: मिति २०७९।१०।१९ मा लिलाम गर्ने गरी दोश्रो पटक मिति २०७९।१०।१२ मा सूचना प्रकाशन गर्दा समेत उक्त लिलाम मितिमा कोही कसैको शिलवन्दी वोलपत्र पेश नभएकोले लिलाम हुन नसकेकोले जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(११) वमोजिम लिलाम गर्न टिप्पणी पेश हुँदा उक्त मोटरसाईकल तथा स्कुटरहरुको पहिलो पटक कायम भएको मुल्यवाट १० प्रतिसत मुल्य कम गरी पुन: लिलाम गर्नु भनी मिति २०७९।११।०५ मा टिप्पणी आदेश भएकोमा मिति २०७९।११।१९ गते लिलाम तोकी पुन:मिति २०७९।११।१० मा सूचना प्रकाशित हुँदा लिलाम सकार नभएको, शुरु मुल्यमा २० प्रतिसत मुल्य कम गरी लिलाम गर्ने मिति २०७९।११।२८ मा टिप्पणी आदेश भई मिति २०७९।१२।०९ मा लिलाम हुने भनी मिति २०७९।११।३० मा अर्को पटक सूचना प्रकाशित हुँदा समेत सो मितिमा लिलाम सकार हुन नसकेको, अगाडिको मुल्यमा पुन: १० प्रतिसत मुल्य कम गरी लिलाम गर्ने मिति २०७९।१२।१५ मा टिप्पणी आदेश भएकोले शुरुको मुल्यमा ३० प्रतिसत मुल्य कम गरी मिति २०७९।१२।२७ मा लिलाम गर्ने मिति २०७९।१२।२० मा सूचना प्रकाशित हुँदा समेत लिलाम सकार हुन नसक्दा मिति २०८०।०४।१४ मा शुरु मुल्यांकनमा ३५ प्रतिसत मुल्य घटाई लिलाम गर्ने मिति २०८०।०४।१४ मा पुन: टिप्पणी आदेश भएको हुँदा शुरु मूल्याङ्कनमा ३५ प्रतिसत मुल्य कम गरी तपसिलका मोटरसाईकल तथा स्कुटरहरु मिति २०८०।०५।०६ गते एकमुष्ट वा अलग अलग लिलाम विक्री गरिने हुँदा ईच्छुक व्यक्ति तथा फर्महरुवाट देहायका शर्तहरुको अधिनमा रही डाक वढावढको लागि आह्वान गरिएको वेहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

८०।४।२१

भुवानी शंकर घिमिरे

तहसिलदार

तपसिल

| क्र.सं. | जिन्सि नं. | वादी/प्रतिवादीको नाम | मुद्दा नं. | मुद्दा | सवारी नम्वर | मोडेल | मो.सा. चेसिस नं. | ईन्जिन नं. | उत्पादन बर्ष | न्युनतम मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४६९/५३ | नेपाल सरकार/सुमन | ०७४-cr- | ला.औ. | १.वा.४०.प.७५५८ | DIO | ME4J118DA804292 | JF11E4024289 | 2010 | रु.२५,०००।-मा ३५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५ | कु.कार्की | ००३८ | | | | | | | प्रतिसत कम |
| २ | ५७७/६४२ | नेपाल सरकार/विवेक भन्ने वाङदेम तामाङ | ०७५-cr-०१११ | संगठित अपराध | १.वा.९४.प.१३१६ | PULSAR 220 | MD2A13EY9HCD07384 | DKYCHD87299 | 2018 | रु.१,५५,०००।- मा ३५ प्रतिसत कम |
| ३ | ५९२/६५७ | नेपाल सरकार/अभिनाष तामाङ दोङ | ०७५-cr-०१५७ | | ८.वा.६८.प८८९८ | SUZUKI | MB8CF4CBBF8171791 | F4862709633 | 2015 | रु.५५,०००।- मा ३५ प्रतिसत कम |
| ४ | ६४४/७०७ | नेपाल सरकार/मिलन भन्ने धन व.योन्जन | ०७६-cr-००१८ | डाका | १.ना.प.१०६५ | YAMAHA R15 | ME1RG5219J0036386 | G3K5E0037007 | 2018 | रु.२,२०,०००। मा ३५ प्रतिसत कम - |
| ५ | ६९९/७६२ | नेपाल सरकार/आशिष थापा | ०७६-cr-०१९३ | अ.श.व | १.वा.९६.प..१६२० | PULSAR 200 | MD2A36FY9JCB36717 | JLYCJB34492 | 2018 | रु.१,५५,०००। मा ३५ प्रतिसत कम - |
| ६ | ७१४/७७७ | नेपाल सरकार/देवी वहादुर गुरुङ समेत | ०७६-cl-०२२० | | १.प्रदेश ३-०२-००१प २८३६ | UNICORN | ME4KC209KJ8038390 | KC20E81063759 | 2018 | रु.१,३५,०००।- मा ३५ प्रतिसत कम |
| ७ | ७३६/७९९ | नेपाल सरकार/च्याङ्वा भन्ने रामकृष्ण तामाङ | ०७७-cl-००६३ | | १.प्रदेश ३-०२-०१० प ९४३८ | PULSAR 220 | MD2A13EY7KCD85573 | DKYCKD69718 | 2019 | रु.१,९०,०००।- मा ३५ प्रतिसत कम |
| ८ | ७३८/८०१ | नेपाल सरकार/प्रेम तामाङ समेत | ०७७-cl-००७४ | क.ज्या. | १.वा.९६.प.७११४ | PULSAR 200 | MD2A36FYXJCC40715 | JLYCJC83865 | 2018 | रु.१,५५,०००।- मा ३५ प्रतिसत कम |
| ९ | ७४०/०८०३ | नेपाल सरकार/अरुण लामा समेत | ०७७-cl-००८० | डाका चोरी | १.प्रदेश ०२-०१८ प.४७४१ | PULSAR 220 | MD2A13EX6LCE80957 | DKXCLE26304 | 2020 | रु.२,२०,०००।- मा ३५ प्रतिसत कम |
| १० | ७५९/८२१ | नेपाल सरकार/भिमसेन खड्का समेत | ०७७-cl-०१३८ | चोरी | १.परिवर्तित प्रदेश ३-०२-०१५ प. १७७३ नं वास्तविक प्रदेश ३-०२-०१४प ०३३९ | PULSAR 220 | MD2A13EY8KCG92122 | DKYCKG94640 | 2020 | रु.२,२०,०००।- मा ३५ प्रतिसत कम |
| ११ | ७९४/८५६ | नेपाल सरकार/दिपेन्द्र भुजेल समेत | ०७८-cl-००३६ | चोरी | १.परिवर्तित नं.प्लेट वा ९५ प.४१६८ | PULSAR 150 | MD2A11CY2JRC19867 | DHYRJC93941 | 2018 | रु.१,३५,०००।- मा ३५ प्रतिसत कम |
| १२ | ७९८/८६० | नेपाल सरकार/अमित थामी | ०७८-cl-००३६ | चोरी | १ परिवर्तित नं.प्लेट प्रदेश ३-०२-०२२ प २५७० वास्तविक.प्रदेश ३-०२-०११ प ४८०८ | PULSAR 150 | MD2A11CY4KPE27407 | DHYRKD55840 | 2020 | रु.२,०५,०००।- मा ३५ प्रतिसत कम |
| १३ | ८१५/८७७ | नेपाल सरकार/दिपेश सडौला समेत | ०७८-cl-०१३० | ला.औ. | १.वा.८३.प.५४९८ | PULSAR 220 | MD2A13EY2HCL12567 | DKYCHL90701 | 2016 | रु.१,००,०००।- मा ३५ प्रतिसत कम |

शर्तहरु,

- लिलाम विक्री गरिने मिति समय र स्थान---- मिति २०८० साल भदौ महिना ६ गते दिउसो २.०० वजे देखि ५.००वजेसम्म यस अदालतको तहसिल शाखामा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।
- लिलाम हुने सामानको टिप्पणी आदेश वमोजिम पहिलेको मुल्यमा ३५ प्रतिसत कम गरी कायम हुने भएकोले न्युनतम् एकमुष्ट मुल्य सोहि मुल्य कायम हुनेछ । उक्त सामानहरु फैसला तथा आदेशले फिर्ता पाउने भई लिलाम मिति सम्ममा फिर्ता भएमा फिर्ता भएका समानहरुको मुल्य कटाई बाँकी समानहरु लिलाम हुनेछ ।
- डाँक बढाबढमा सहभागी हुन चाहने व्यक्ती वा संस्था वा फर्मले वोलपत्र फारम रु.१०००।– (फिर्ता नहुने गरी) तिरी मिति २०८०।०५।०५ गते सम्म कार्यालय समयमा यस अदालतको तहसिल शाखावाट खरिद गर्न सकिने छ । वोलपत्र खरिद गर्न निवेदन दिने व्यक्ती भए नेपाली नागरिकताको प्रमाण पत्र , कुनै फर्म वा संस्था भए नविकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाण पत्र र आ.व.०७९/८० सम्मको कर चुक्ता गरेको प्रमाण लगायतका कागजातको प्रतिलिपी पेश गर्नु पर्ने छ । साथै बोलपत्र दाताले मिति २०८०।०५।०६ गते दिनको १ वजे सम्ममा सिलबन्दी बोलपत्र यस अदालतको तहसिल शाखामा दर्ता गराई सक्नु पर्ने छ । सो दिन सार्वजनिक विदा परेमा अदालत खुलेको पहिलो दिन सोही समयमा दर्ता गराई सक्नु पर्ने छ ।
- बोलपत्र साथ आफुले कवोल गरेको अंकको १० प्रतिशतले हुने रकम नेपाल बैंक लि., भक्तपुरमा कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. ०१९०१०००००२००३०००००१मा जम्मा गरेको सक्कल भौचर र यस अदालतको धरौटी रसिदको सक्कल सहितको शिलवन्दी फाराम पेश गर्नु पर्ने छ ।
- सवैभन्दा वढी अंक कवोल गर्ने व्यक्ति , फर्म वा संस्थालाई लिलामका सामानहरु लिलाम सकार गराई निज व्यक्ति वा फर्मको वाहेक अन्यको धरौटी सोही दिन फिर्ता गरिनेछ ।
- सवै भन्दा वढी अंक कवुल गर्ने व्यक्ति , फर्म वा संस्थाले लिलाम भएको ७ (सात) दिनभित्र वाकि रकम र आफुले कवुल गरेको अंकको १३ प्रतिशतले हुने मुल्य अभिवृध्दी कर नेपाल बैंक लि. कमलविनायक, भक्तपुरमा कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. ०१९०१०००००२००३०००००१ मा भक्तपुर जिल्ला अदालतको नाउँमा जम्मा गरेको सक्कल भौचर र यस अदालतको धरौटी रसिदको सक्कल दाखिल गरी रकम दाखिल गरेको मितिले १५( पन्ध्र) दिन भित्र समान उठाई लैजानुपर्नेछ । डाक लिलाम भएको ७ (सात) दिन भित्र आफुले वोल कवोल गरे वमोजिमको बाँकि रकम यस अदालतमा धरौटीमा जम्मा नगरे निजले दाखिल गरेको कवोलको अंकको दश प्रतिशतको रकम कानून वमोजिम जफत हुन्छ ।
- यस सम्वन्धी थप तथा विस्तृत जानकारी लिनुपरे कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ ।

# भक्तपुर जिल्ला अदालतवाट जारी भएको

## चारपाङ्ग्रे सवारी साधन लिलाम विक्री गर्ने सम्वन्धी सूचना

सूचना प्रकाशन मिति २०८०।०४।२१

प्रस्तुत विषयमा यस अदालतमा विभिन्न मुद्दाहरुमा अभियोग पत्रसाथ दशीको रुपमा दाखिल हुन आई जिन्सीमा आम्दानी वाँधिएका तपसिल वमोजिमका चार पाङ्ग्रे सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) तथा आर्थिक नियम समेत वमोजिम मिति २०७९।१०।१९ को निर्णय वमोजिम र मिति २०७९।१०।२४ गतेको मूल्यांकन समितिको निर्णय अनुसार कायम भएको न्युनतम मुल्यवाट एकमुष्ट रुपमा मिति २०७९।११।१२ मा लिलाम वढावढ गर्ने मिति २०७९।१०।२५ मा सूचना प्रकाशित गरिएकोमा सो दिन तपसिल वमोजिमको सवारी साधन लिलाम हुन नसकेको र पुन: मिति २०७९।११।२९ मा लिलाम वढावढ गर्ने मिति २०७९।११।१८ मा सूचना प्रकाशित गरिएकोमा सो दिन लिलाम हुन नसकेकोले जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२(११) वमोजिम लिलाम गर्न टिप्पणी पेश हुँदा मिति २०७९।१२।०२ मा भएको टिप्पणी आदेश वमोजिम निर्धारित मुल्यमा १० प्रतिसत कम गरी लिलाम गर्ने मिति २०७९।१२।२० मा सूचना प्रकाशित हुँदा समेत लिलाम हुन नसक्दा मिति २०८०।०४।१४ मा भएको टिप्पणी आदेश वमोजिम शुरुको मुल्यांकनमा २५ प्रतिसत मुल्य कम गरी मिति २०८०।०५।०६ मा लिलाम गर्न देहायका शर्तहरुको अधिनमा रही लिलाम विक्री गर्ने वेहोरा सम्वन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८०।४।२१

भुवानी शंकर घिमिरे

तहसिलदार

तपसिल

| क्र.सं. | जिन्सि नं. | वादी/प्रतिवादीको नाम | मुद्दा नं. | मुद्दा | सवारी नम्वर | मोडेल | चेसिस नं. | ईन्जिन नं. | उत्पादन बर्ष | न्युनतम मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५९८/६२३ | नेपाल सरकार/सुमन वाला समेत | ०७५-c१-०१६६ | ज्यान सम्वन्धी कसूर / लागु औषध | वा.५.च.६४ २१ | VRFXSP00 maruti 8 Seater Van | MA3EVB11S00776574 | F8BIN3630840 | 2006 | Rs.3,00,000.मा २५ प्रतिसत कम |

शर्तहरु

लिलाम विक्री गरिने मिति समय र स्थान---- मिति २०८० साल भाद्र महिना ६ गते दिउसो २.०० वजे देखि ५.००वजेसम्म यस अदालतको तहसिल शाखामा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ।

- लिलाम हुने सामानको मुल्याङ्कन समितिद्वारा कायम भएको न्युनतम् मुल्य माथि सवारी साधनको महलमा उल्लेख भएको छ। उक्त सामान फैसला तथा आदेशले फिर्ता पाउने भई लिलाम मिति सम्ममा फिर्ता भएमा बाँकी समानहरु लिलाम हुनेछ।
- डाँक बढाबढमा सहभागी हुन चाहने व्यक्ती वा संस्था वा फर्मले वोलपत्र फारम रु.१०००।– (फिर्ता नहुने गरी) तिरी मिति २०८०।०५।०५ गते सम्म कार्यालय समयमा यस अदालतको तहसिल शाखावाट खरिद गर्न सकिने छ। वोलपत्र खरिद गर्न निवेदन दिने व्यक्ती भए नेपाली नागरिकताको प्रमाण पत्र , कुनै फर्म वा संस्था भए नविकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाण पत्र र आ.व.०७९/८० सम्मको कर चुक्ता गरेको प्रमाण लगायतका कागजातको प्रतिलिपी पेश गर्नु पर्ने छ। साथै बोलपत्र दाताले मिति २०८०।०५।०६ गते दिनको १ वजे सम्ममा सिलबन्दी बोलपत्र यस अदालतको तहसिल शाखामा दर्ता गराई सक्नु पर्ने छ। सो दिन सार्वजनिक विदा परेमा अदालत खुलेको पहिलो दिन सोही समयमा दर्ता गराई सक्नु पर्ने छ ।
- बोलपत्र साथ आफुले कवोल गरेको अंकको १० प्रतिशतले हुने रकम नेपाल बैंक लि. कमलविनायक, भक्तपुरमा कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. ०१९०१०००००२००३००००००१मा जम्मा गरेको सक्कल भौचर र यस अदालतको धरौटी रसिदको सक्कल सहितको शिलवन्दी फाराम पेश गर्नु पर्ने छ।
- सवैभन्दा वढी अंक कवोल गर्ने व्यक्ति , फर्म वा संस्थालाई लिलामका सामानहरु लिलाम सकार गराई निज व्यक्ति वा फर्मको वाहेक अन्यको धरौटी सोही दिन फिर्ता गरिनेछ ।
- सवै भन्दा वढी अंक कवुल गर्ने व्यक्ति , फर्म वा संस्थाले लिलाम भएको ७ (सात) दिनभित्र वाकि रकम नेपाल बैंक लि. कमलविनायक, भक्तपुरमा कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरको धरौटी खाता नं. ०१९०१०००००२००३००००००१ मा भक्तपुर जिल्ला अदालतको नाउँमा जम्मा गरेको सक्कल भौचर र यस अदालतको धरौटी रसिदको सक्कल दाखिल गरी रकम दाखिल गरेको मितिले १५( पन्ध्र) दिन भित्र समान उठाई लैजानुपर्नेछ। डाक लिलाम भएको ७ (सात) दिन भित्र आफुले वोल कवोल गरे वमोजिमको वाकि रकम यस अदालतमा धरौटीमा जम्मा नगरे निजले दाखिल गरेको कवोलको अंकको दश प्रतिशतको रकम कानून वमोजिम जफत हुन्छ।
- यस सम्वन्धी थप तथा विस्तृत जानकारी लिनुपरे कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।